## कर्णाली प्रदेशको बाल विवाह अन्त्य सम्बन्धी रणनीति, २०८२

### विषय सूची

**परिच्छेद १: परिचय**

१. सन्दर्भ/पृष्ठभूमि
२. अवस्थाको विश्लेषण
३. समस्या, चुनौति र अवसर
४. रणनीतिको आवश्यकता औचित्यता

**परिच्छेद २: नीति संरचना**

५. दूरदृष्टि
६. उद्देश्य
७. रणनीति र कार्यनीति

**परिच्छेद ३: नीति कार्यान्वयन**

८. समन्वय सहकार्य र संस्थागत संरचना
९. कार्यान्वयनको खाका
१०. अनुगमन तथा मूल्याङ्कन
११. जोखिमको व्यवस्थापन
१२. रणनीतिको परिमार्जन

प्रदेश सचिव

## परिच्छेद-१
## परिचय

### १. पृष्ठभूमि

नेपालको संविधानले मौलिक हक अन्तर्गत कुनै पनि बालबालिकालाई बाल विवाह गर्न वा गराउन नहुने व्यवस्था गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी संहिता, २०७४, मुलुकी फौजदारी संहिता, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनी प्रावधानहरूले बाल विवाहलाई बालअधिकार हननको रुपमा व्याख्या गर्दै त्यसविरुद्ध कानूनी संरक्षण प्रदान गरेका छन्। मुलुकी देवानी संहिता, २०७४ को दफा ७० अनुसार विवाहको कानूनी योग्यता प्राप्त गर्न महिला र पुरुष दुवैको उमेर २० वर्ष पूरा हुनुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, नेपालले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, बालअधिकार महासन्धि, १९८९, विवाह सम्बन्धी महासन्धि, १९६४ लगायतलाई अनुमोदन गरी बालबालिका तथा महिलाको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ। दिगो विकास लक्ष्य, २०१६-२०३० अन्तर्गत लक्ष्य ५.३ ले बाल विवाह, जबरजस्ती विवाह तथा अन्य हानिकारक प्रचलनको अन्त्य गर्ने उद्देश्य राखेको छ। राष्ट्रिय बालबालिका नीति, २०८० तथा कर्णाली प्रदेशको लैङ्गिक समानता तथा समावेशीकरण नीति, २०७८ ले समेत बाल विवाह उन्मूलनलाई प्राथमिकतामा राखेका छन्। यसैले संविधान, राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय सन्धि तथा नीतिगत दायित्व अनुरूप बाल विवाह अन्त्यका लागि रणनीति तयार गरी कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले यो रणनीति तयार गरेको छ।

### २. कर्णाली प्रदेशमा बाल विवाहको अवस्था विश्लेषण

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार कर्णाली प्रदेशमा २१ प्रतिशत बालिका १९ वर्ष नपुग्दै आमा बन्ने गरेका छन्। राष्ट्रिय बालअधिकार परिषद्ले सन् २०२१ मा गरेको अध्ययन अनुसार कर्णाली प्रदेशको कूल ७९ मध्ये ७० वटा स्थानीय तहमा १,७७२ वटा बाल विवाहको घटना भएको पाइएको थियो जुन सर्भेक्षणमा देखिएको विवाहको कूल सङ्ख्याको ३८.०६ प्रतिशत हुन आउँदछ। त्यसैगरी, आ.व. २०७६/२०७७ मा जम्मा ३१० स्थानीय तहमा ६,१४२ वटा बाल विवाह भएको पाइएकोमा कर्णाली प्रदेशमा मात्र २,५७३ वटा बाल विवाह भएका थिए। विषेशगरी विपन्न समुदाय, दलित, जनजाति, निरक्षर व्यक्ति र मुस्लिम लगायत सीमान्तकृत समुदाय तथा भौगोलिक रूपमा विकट क्षेत्रमा बसोबास गर्ने समुदायमा बाल विवाह उच्च रहेको पाइन्छ।

### ३. बाल विवाहका मुख्य कारण र असरहरू

#### ३.१ बाल विवाहका मुख्य कारण

कर्णाली प्रदेशमा बाल विवाह धेरै हुनुका कारण देहायबमोजिम रहेका छन्:-

(क) विवाहलाई धार्मिक, सांस्कृतिक र सामाजिक मर्यादासँग जोड्ने परम्परा विद्यमान हुनु।



प्रदेश सचिव

(ख) बाल विवाहका नकारात्मक प्रभावबारे परिवार तथा समुदायको अपर्याप्त ज्ञान हुनु वा बेवास्ता गर्नु।

(ग) छोरीलाई परिवारको दायित्व ठान्ने पितृसत्तात्मक सोच विद्यमान हुनु।

(घ) अशिक्षा र जनचेतनाको कमीले कानून कार्यान्वयन प्रभावकारी नहुनु।

(ङ) आधुनिक सूचना तथा सञ्चार प्रविधिको दुरूपयोग र त्यसबाट बालबालिका प्रभावित हुनु।

### ३.२ बाल विवाहको असर बाल विवाहले निम्याएका समस्याहरु

बाल विवाहको कारण बालबालिकालाइ प्रत्याभुत गरिएका संवैधानिक तथा कानूनी हक अधिकारको उपभोग गर्न कठिनाइ उत्पन्न हुन्छ जसले गर्दा तपसील बमोजिमका समस्या उत्पन्न हुन्छन्:-

(क) बालबालिकाको शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर।

(ख) किशोरावस्थामै मातृत्व/पितृत्वको भार बढ्नु।

(ग) शिक्षा अधूरो रहनु वा शिक्षाबाट बञ्चित हुनु।

(घ) रोजगारी तथा आर्थिक अवसर सीमित हुनु।

(ङ) बालिकामाथि हिंसा, दुर्व्यवहार र शोषण बढ्नु।

(च) पारिवारिक गरिबी र आर्थिक बोझ अझ बढ्नु।

(छ) बालबालिकाको अधिकार र स्वतन्त्रताको हनन हुनु।

(ज) असमान शक्ति सम्बन्धका कारण लैङ्गिक असमानता बढ्नु।

(झ) समयअगावै गर्भावस्था र मातृ—शिशु मृत्यु दर बढ्नु।

(ञ) समुदायको समग्र सामाजिक—आर्थिक विकासमा अवरोध हुनु।

## ४. रणनीतिको आवश्यकता/औचित्यता

कर्णाली प्रदेशमा बाल विवाह अन्त्य गर्ने रणनीतिको आवश्यकता/औचित्यता यसप्रकार छन्:-

(क) बालअधिकार प्रवर्द्धन र संरक्षण सुनिश्चित गर्न।

(ख) बाल विवाह सम्बन्धी हिंसा, दुर्व्यवहार र शोषणबाट बालबालिकालाई बचाउन।

(ग) बालसंरक्षण प्रणाली सुदृढ गरी अधिकारको परिपूर्ति गर्न।

(घ) अन्तर्राष्ट्रिय महासन्धि, राष्ट्रिय नीति, कानूनी व्यवस्था र योजनाको कार्यान्वयन गर्न।

(ङ) बाल विवाहका नकारात्मक प्रभाव न्यूनिकरण गरी बालबालिकाको सक्षमता बढाउन राज्यका तर्फबाट सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन ।

(च) नीति, कार्यक्रम र बजेटमा रोकथाम, शीघ्र सम्बोधन र पुनःस्थापना प्रयासलाई प्राथमिकता दिन।

(छ) सबै सरोकारवालाको सक्रियता बढाई लक्षित एवम् एकीकृत रणनीति कार्यान्वयन गर्न।

प्रदेश सचिव

परिच्छेद-२

नीति संरचना

५. दूरदृष्टि

बाल अधिकार सुनिश्चितता सहितको बाल विवाह मुक्त कर्णाली प्रदेश।

६. उद्देश्य: यस रणनीतिका मुख्य उद्देश्य देहायबमोजिम रहेका छन्:-

६.१ शिक्षा, सचेतना र सहभागितामार्फत बालबालिका तथा किशोरकिशोरीलाई सशक्त बनाउँदै बाल विवाह विरुद्ध जागरूकता बढाउनु।

६.२ बाल विवाहका वास्तविक कारण पहिचान गरी रोकथाम, पीडितको उद्धार, लक्षित सेवा तथा सुविधा सुनिश्चित गर्न संस्थागत संरचना सुदृढ गर्नु।

६.३ अन्तरसरकार, विकास साझेदार, गैरसरकारी संस्था र सामाजिक रुपले सञ्चालित सञ्जालहरु लगायत सरोकारवालासँग सहकार्य गरी लक्षित, एकीकृत र दीर्घकालीन कार्यक्रम सञ्चालन गर्नु।

७. रणनीति र कार्यनीति

**७.१ बालबालिका तथा किशोरकिशोरीलाई सचेतना अभिवृद्धि एवम् जीवनउपयोगी सीप प्रदान गरी बाल क्लब/सञ्जालमा आवद्ध गरेर सशक्तीकरण गर्ने। (उद्देश्य ६.१ सँग सम्बन्धित)**

७.१.१ बालअधिकार, बालसंरक्षण, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, लैङ्गिक समानता लगायतका विषयमा नेपालको संविधान तथा कानूनको व्यवस्थाबारे बालबालिका तथा किशोरकिशोरीलाई विद्यालय तथा बाल क्लब वा सञ्जालमार्फत् सचेतना अभिवृद्धि गर्ने।

७.१.२ समुदाय, विद्यालय तहमा बाल क्लब, किशोरी समूह र वडा तथा गाउँ/नगरपालिकास्तरमा सञ्जालको गठन गरी बालबालिकालाई सूचना जानकारी, चेतनामूलक सामग्री र विधिबारे तालिम दिई

७.१.३ प्रदेशका स्थानीय तहसँग समन्वय एवम् सहकार्य गरी सबै स्थानीयतहका वडामा बालबालिका तथा किशोरकिशाोरी सूचना केन्द्र स्थापना गरी बाल विवाहको साथै बालबालिका विरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहार विरूद्ध सचेतना जगाउन परिचालन गर्ने,

७.१.४ बाल विवाहविरूद्धको कानूनी व्यवस्था र बाल विवाहले बालिका तथा किशोरीको शिक्षा, स्वास्थ्य, व्यक्तित्व विकास, भविष्यमा व्यवसायिक जीवनमा पार्ने नकारात्मक असरबारे बालबालिका र समुदायका वयस्कलाई शिक्षा, सचेतना दिन "बाल अधिकार रक्षक टोली" बनाई परिचालन गर्ने,

७.१.५ बाल विवाहको जोखिममा पर्न सक्ने माध्यामिक तहमा अध्ययनरत विद्यार्थी र समुदायका ११ वर्ष माथिका बालबालिकालाई लक्षित गरी निर्धारित पाठ्यक्रमअनुरूप जीवन उपयोगी शिक्षा (रूपान्तरण कक्षा) सञ्चालन गरी औपचारिक शिक्षा, आय आर्जन तथा रोजगारीमा जोड्न सघाउने,

प्रदेश सचिव

७.१.६ बालिका तथा किशोरीलाई लक्षित गरी अधिकार, नेतृत्व विकास, व्यक्तित्व विकास, आत्मरक्षासम्बन्धी तालिम प्याकेज तर्जुमा गरी स्थानीय तहसँगको समन्वयमा तालिम सञ्चालन गर्ने ।

**७.२ अभिभावक शिक्षा तथा संवादका लागि बाल विवाहको साथै सबै प्रकारका हानीबाट बालबालिकाको संरक्षण गर्न जीवनोपयोगी ज्ञान, सीप अभिवृद्धि गर्ने। (उद्देश्य ६.१ सँग सम्बन्धित)**

७.२.१ स्थानीय तहसँग समन्वय एवम् सहकार्य गरी समुदायका आमाबाबु/अभिभावकलाई लक्षित गरी अभिभावकीय शिक्षा तथा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरी आफ्ना बालबालिका तथा किशोरकिशोरीको अधिकार प्रवर्द्धन गर्ने तथा बाल विवाहको साथै सबै प्रकारका हानीबाट संरक्षण गर्ने कार्यमा आवश्यक जीवनउपयोगी ज्ञान र सीप दिई परिचालन गर्ने,

७.२.२ स्थानीय तह तथा विकासका साझेदारसँग सहकार्य गरी बाल विवाहको जोखिममा रहेका बालबालिका तथा किशोरकिशोरीलाई विशेष छात्रवृत्ति प्रदान एवम् परामर्श गरिनुको साथै उनीहरूको परिवारलाई लक्षित गरी घरभेट, पारिवारिक परामर्श तथा आय आर्जनसम्बन्धी कार्यक्रममा संलग्न गराई बालबालिकाको शिक्षामा निरन्तरता दिन सहयोग गर्ने,

७.२.३ बालबालिका, किशोरकिशोरी र अभिभावकबीच निरन्तर अन्तरक्रिया एवम् संवाद गराई अन्तरपुस्ता दूरी कम गर्न तथा घरपरिवार, विद्यालय र समुदायमा बालमैत्री वातावरण निर्माणमा सहयोग गर्ने,

७.२.४ आमाबाबु तथा अभिभावकलाई आफ्ना बालबालिकाले नवसञ्चार (इन्टरनेट तथा फेसबुक लगायतका सामाजिक सञ्जाल प्लेटफार्म) र नयाँ सञ्चार प्रविधिको जिम्मेवारीपूर्वक प्रयोग गरे नगरेको चासो राख्नसक्ने हुन व्यवहारिक ज्ञान दिने,

७.२.५ बालमैत्री स्थानीय शासन, बाल विवाह तथा बालश्रम मुक्त वडा वा स्थानीय तह, बालिका/किशोरीमैत्री एवम् अपाङ्गता भएका बालबालिका मैत्री सेवा सुविधा लगायतका स्थानीय तहका अभियानमा आमाबाबु तथा अभिभावकको संलग्नता र सहभागिता बढाउने।

**७.३ बाल विवाहलाई दुरूत्साहन गर्ने खालका परम्परागत सामाजिक साँस्कृतिक मूल्यमान्यता तथा व्यवहार परिवर्तन गर्न जोड दिने। (उद्देश्य ६.२ सँग सम्बन्धित)**

७.३.१ बाल विवाह लगायत समुदायमा विद्यमान परम्परागत हानिकारक अभ्यासको स्थितिबारे तथ्याङ्क सङ्कलन गरी तिनलाई सम्बोधन गर्न स्थानीय तह, जनप्रतिनिधि, राजनीतिक दल र समुदायका अगुवालाई प्रतिबद्धता सहित परिचालन गर्ने,

७.३.२ स्थानीय समुदायका धामीझाँक्री, ज्योतिष-वैद्य, धार्मिक अगुवा (गुरु, पुरोहित, लामा, मुल्लाहा/मौलाना, पास्टर आदि)लाई हानिकारक अभ्यास परिवर्तन गर्न र बाल विवाहविरूद्ध सचेतना बढाउन तालिम दिएर सञ्जालीकरण र परिचालन गर्ने,



प्रदेश सचिव

७.३.३ बालबालिका, किशोरकिशोरी, आमाबाबु एवम् अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी तथा समुदायका वयस्क महिला एवम् पुरुषलाई लक्षित गरी बाल विवाहको साथै परम्परागत हानिकारक अभ्यासले पारेको असरबारे सूचना-सामग्री एवंम् व्यवहार परिवर्तन गर्न सचेतनामूलक सामग्री निर्माण गरी स्थानीय तहसँगको समन्वयमा सचेतना अभियान सञ्चालन गर्ने,

७.३.४ लैङ्गिक समानता तथा बालविवाह अन्त्यको लागि पुरुषजनको सहभागिता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

७.३.५ स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी "बेहुली होइनन् किशोरी" अभियान सञ्चालन गर्ने।

**७.४ आधुनिक सूचना तथा सञ्चारका माध्यम को असुरक्षित प्रयोगबाट बालबालिका तथा किशोरकिशोरीलाई जोगाई डिजिटल प्रविधिको जिम्मेवार प्रयोग गरी बालविवाह न्यूनीकरणमा सहयोग गर्ने। (उद्देश्य ६.२ सँग सम्बन्धित)**

७.४.१ नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक एवम् सङ्घीय सरकारका सम्बन्धित निकायसँग सहकार्य गरी बाल विवाहविरुद्ध जनचेतना जगाउन तथा बाल विवाहविरुद्ध कार्य गर्नको लागि सामाजिक सञ्जाल लगायतका डिजिटल प्रविधिलाई उपयोग गर्न व्यक्ति, परिवार, समुदाय र संस्थालाई प्रोत्साहन गर्ने,

७.४.२ विवाह, यौन तथा प्रजनन् स्वास्थ्य जस्ता विषयबारे बालबालिका तथा किशोरकिशोरीको पहिचान गोप्य राखी सूचनामा पहुँच बढाउन र अनिवार्य सूचनाको व्यवस्थाको कार्यान्वयनका लागि इन्टरनेट तथा प्रविधिको उपयोग गर्न डिजिटल प्रणालीलाई प्रयोगमा ल्याउने,

७.४.३ किशोरी क्लब तथा किशारी सञ्जालको गठन गरी परिचालन गर्ने र किशोरीहरूलाई जीवन कौशल तालिम, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार एवम् शिक्षा र नेतृत्व विकासका लागि डिजिटल माध्यमको उपयोग गर्ने,

७.४.४ बालबालिका तथा किशोरकिशोरीलाई इन्टरनेट, सामाजिक सञ्जालको माध्यमबाट हुनसक्ने हिंसा, दुर्व्यवहार तथा शोषणबाट आफूलाई सुरक्षित राख्न आवश्यक ज्ञान, सीप एवम् दक्षता अभिवृद्धि गर्ने।

**७.५ बाल विवाह अन्त्य गर्न कानूनको प्रभावकारी कार्यान्वयन र संस्थागत संरचना सुदृढीकरण गर्ने। (उद्देश्य ६.३ सँग सम्बन्धित)**

७.५.१ बाल विवाह अन्त्यको लागि स्थानीय तहलाई कार्ययोजना बनाई लागू गर्न प्राविधिक सहयोग एवम् प्रोत्साहन गर्ने,

७.५.२ प्रदेश बालअधिकार समिति, स्थानीय बालअधिकार समिति, बालमैत्री स्थानीय समिति, वडास्तरीय समिति, बालकल्याण अधिकारी, समाजसेवी, बालमनोविज्ञ, मनोविमर्शकर्ता

प्रदेश सचिव

लगायतको संस्थागत क्षमता अभिवृद्धि गरी बाल विवाह विरूद्ध तथा लैङ्गिक समानताका लागि परिचालन गर्ने,

७.५.३ स्थानीय तह, सेवा प्रदायक निकाय, संस्था, विद्यालय लगायतका निकायहरुमा बालबालिका विरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहारको रोकथाम गर्न र उजुरीको तत्काल कारबाहीको सिफारिस गर्न बालसंरक्षण मापदण्ड तर्जुमा गरी लागू गर्ने ।

७.५.४ बालिका तथा किशोरीलाई लक्षित गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, यौन शिक्षा लगायतका सेवा बालमैत्री वातावरणमा प्रदान गर्न स्थानीय तहलाई प्राविधिक सहयोग एवम् प्रोत्साहन गर्ने,

७.५.५ विद्यालयमा बालिकामैत्री गुणस्तरीय, व्यवहारिक, लैङ्गिक संवेदनशील, भेदभावरहित शिक्षा एवम् सिकाइ सुनिश्चित गर्ने,

७.५.६ विद्यालयमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता बढाउन शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने,

७.५.७ बाल विवाहको जोखिममा रहेका तथा प्रभावित बालबालिकाको घटना व्यवस्थापनको प्रक्रियाअनुरूप योजना बनाई पुनःस्थापना लगायतका सेवा सहयोग उपलब्ध गर्ने गराउने,

७.५.८ बाल विवाहसम्बन्धी कसूरलाई कानूनी प्रक्रियामा ल्याउन नेपाल प्रहरी, स्थानीय तह तथा बालसंरक्षणसम्बन्धी निकाय तथा संरचनाको क्षमता एवम् जवाफदेहिता अभिवृद्धि गर्न प्राविधिक रूपमा सघाउने र प्रोत्साहित गर्ने।

**७.६ प्रदेशभित्रका सबै स्थानीय तहको बाल विवाहको स्थितिको अध्ययन, तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न सूचना प्रणाली विकास गर्ने। (उद्देश्य ६.३ सँग सम्बन्धित)**

७.६.१ स्थानीय तहमा बाल विवाहको जोखिम, घटना लगायत बालबालिकाविरूद्धको हिंसा वा बाल यौनदुर्व्यवहार लगायतका हानिबारे खण्डीकृत तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गरी बालसंरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना एवम् सुदृढीकरण गर्ने,

७.६.२ संघ सरकारका निकाय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी प्रदेशभर (टोल फ्री नम्बर) बालबालिका खोजतलास केन्द्र (१०४), बाल हेल्पलाइन सेवा (१०९८), नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा, राष्ट्रिय महिला आयोगको हेल्पलाइन ( ११४५) लगायतका संरचनाको सेवा र पहुँच विस्तार गर्ने तथा प्रभावकारिता अभिवृद्धि गरी घटना व्यवस्थापन सूचना प्रणाली व्यवस्थापन गर्ने,

७.६.३ प्रदेशमा रहेका बालबालिकाको हकअधिकार प्रवर्द्धनमा क्रियाशिल निकायलाई बाल विवाह अन्त्यका लागि अनुगमन एवम प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

प्रदेश सचिव

७.६.४ प्रदेश तथा स्थानीय तहमा बालबालिका सम्बन्धी खण्डिकृत तथ्याङ्क सहितको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन वार्षिक रुपमा प्रकाशन गरे नगरेको अनुगमन गर्ने।

**७.७ प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि लगानी सहितका कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्ने र सबै सरोकारवाला निकायलाई परिचालन गर्ने। (उद्देश्य ६.३ सँग सम्बन्धित)**

७.७.१ सेवा प्रदायकको जवाफदेहिता तथा क्षमता अभिवृद्धि गरी आवश्यकताअनुसार तत्कालै गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने,

७.७.२ बाल विवाहविरूद्धको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि कानून कार्यान्वयन गर्ने निकाय एवम् अधिकारी, न्यायिक समिति र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने,

७.७.३ समुदायमा आधारित अभिभावक, आमा/महिला, उपभोक्ता, किशोरी/किशोर, युवाक्लब, सामाजिक अगुवा, धार्मिक र सांस्कृतिक, राजनीतिक दल तथा भातृसङ्गठन लगायतका व्यक्ति, समूह तथा जिल्ला, स्थानीय तहको साझेदारी र सहभागितामा प्रदेशभर बाल विवाह, बालबालिकाविरूद्धको हिंसा र भेदभावविरूद्धको अभियान सञ्चालन गर्ने,

७.७.४ स्थानीय तहसँग समन्वय र सहकार्य गरी बाल विवाहका कारण विद्यालय छोड्ने दरलाई घटाउनका लागि बालमैत्री वातावरणमा शिक्षण सिकाइ सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गर्ने,

७.७.५ बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सम्बन्धी सूचना तथा सेवाको विषयमा सुसूचित गर्न गराउन स्थानीय तह र स्वास्थ्य संस्थासँग सहकार्य गर्ने,

७.७.६ बाल विवाह मुक्त स्थानीय तह घोषणाका लागि रणनीति तथा कार्यनीति तर्जुमा गरी लागु गर्न स्थानीय तहसँग आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइ सहकार्य गर्ने,

७.७.७ बालमैत्री स्थानीय शासन, बाल विवाह तथा बालश्रम मुक्त बालिका/किशोरी मैत्री र अपाङ्गता भएका बालबालिका मैत्री स्थानीय तह घोषणा गर्न स्थानीय तहलाई प्राविधिक सहयोग तथा प्रोत्साहन गर्ने,

७.७.८ बाल विवाह अन्त्य गर्नका लागि कर्णाली प्रदेश सरकारले प्रदेश तहका निकाय, प्रदेशभित्रका सबै स्थानीय तह, बालसंरक्षण संयन्त्र, सेवा प्रदायक निकाय वा संस्था, विकास साझेदार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, नागरिक समाज, सबै तहका जनप्रतिनिधि र सरोकारवालासँग समन्वय तथा सहकार्य गरी तिनको भूमिका प्रवर्द्धन एवम् परिचालन गर्ने।

प्रदेश सचिव

परिच्छेद-३

नीति कार्यान्वयन

## ८. समन्वय तथा सहकार्य र संस्थागत संरचना

### ८.१ समन्वय तथा सहकार्य

यस रणनीतिको कार्यान्वयनका लागि प्रदेश सरकारबाट प्रदेश तहका निकाय, प्रदेशका स्थानीय तह, बालसंरक्षण संयन्त्र, विकास साझेदार, नागरिक समाज, जनप्रतिनिधि, राजनीतिक दल र सरोकारवाला सबैसंग समन्वय तथा सहकार्य गरिनेछ।

### ८.२ संस्थागत संरचना

यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र तीन तहका सरकार बीच समन्वय गर्न देहायबमोजिमको एक निर्देशक समिति गठन गरिनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -संयोजक

(ख) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) प्रमुख, प्रदेश प्रहरी, कर्णाली प्रदेश -सदस्य

(घ) अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय नगरपालिका संघ, कर्णाली प्रदेश -सदस्य

(ङ) अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय गाउँपालिका महासंघ -सदस्य

(च) प्रतिनिधि, राष्ट्रिय बाल अधिकार परिषद् -सदस्य

(छ) बालबालिकाको क्षेत्रमा कार्यगर्ने संस्थामध्ये संयोजकबाट मनोनित कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(ज) सामाजिक विकास महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**८.३ निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कर्णाली प्रदेश सरकारका निकायबीच समन्वय गरी योजना तथा कार्यक्रममा बाल विवाह अन्त्य गर्ने विषय समावेश गर्न समन्वय गर्ने,

(ख) बाल विवाह अन्त्य गर्नका लागि सङ्घीय सरकार, स्थानीय तह, विकास साझेदार र सरोकारवाला निकायसँग समन्वय एवम् सहकार्य गर्न सहजीकरण गर्ने,

(ग) प्रदेश सरकारका निकाय तथा स्थानीय तहलाई आवश्यक कार्यक्रम तथा बजेट विनियोजन गर्न समन्वय गर्ने,

(घ) कार्यान्वयन गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक पृष्ठपोषण दिने,

## ९. कार्यान्वयनको खाका

यो रणनीतिको कार्यान्वयन कार्ययोजना अनुसूचीमा उल्लेख भए बमोजिम गरिनेछ।

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सचिव

## १०. अनुगमन तथा मूल्याङ्कन

यस रणनीतिको अनुगमन तथा मूल्याङ्कन सामाजिक विकास मन्त्रालय, निर्देशक समिति र प्रदेश बालअधिकार समितिले गर्नेछ। प्रत्येक स्थानीय तहले अनुगमन तथा मूल्याङ्कन गर्नको लागि संस्थागत संयन्त्र बनाउन सक्नेछन्। स्थानीय तहमा यस रणनीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्नको लागि स्थानीय बालअधिकार समितिलाई परिचालन गर्न सकिनेछ।

## ११. जोखिमको व्यवस्थापन

**११.१ जोखिम विश्लेषण:** यस रणनीतिको प्रभावकारी कार्यान्वयनमा तपसीलका जोखिम आउन सक्ने अनुमान गरिएको छ।

(क) आर्थिक स्रोत सुनिश्चित गर्न कठिनाइ र लगानीको प्राथमिकीकरणमा चुनौती,
(ख) संस्थागत संरचना, क्षमता अभिवृद्धि र स्रोत व्यवस्थापनमा कमजोरी,
(ग) समुदायमा विद्यमान परम्परागत बाल विवाह संस्कृतिबाट हुने प्रतिरोध,
(घ) आधुनिक डिजिटल प्रविधिको असुरक्षित प्रयोग व्यवस्थापनमा जटिलता,
(ङ) विवाह पूर्व किशोरकिशोरीहरु एउटै कोठामा सँगै बस्ने (लिभिङटुगेदर) बढ्दो दरले निम्ताउन सक्ने सामाजिक जटिलता।

**११.२ जोखिमको न्यूनीकरण तथा व्यवस्थापन:** बाल विवाह अन्त्यका लागि देहायका उपायहरू अवलम्बन गरी जोखिम न्यूनीकरण, जोखिम वहन, जोखिम व्यवस्थापन लगायतका रणनीति अवलम्बन गरिनेछ:-

(क) सङ्घीय, प्रदेश र स्थानीय तहसँग सहकार्य गरी स्रोत सुनिश्चित गर्ने,
(ख) बालअधिकार प्रवर्द्धन संरचना र मानव स्रोतको क्षमता अभिवृद्धि गर्ने,
(ग) विकास साझेदार तथा सरोकारवालासँग समन्वय गरी स्रोत परिचालन गर्ने,
(घ) सेवा प्रदायक निकाय र कर्मचारीलाई वार्षिक क्षमता अभिवृद्धि तालिम दिने,
(ङ) समुदायमा रहेका बालबालिका, किशोरकिशोरी, वयस्क महिला तथा पुरुष र धार्मिक अगुवाहरूलाई तालिम दिई बाल विवाहविरुद्ध सचेतनामा परिचालन गर्ने,
(च) किशोरकिशोरीलाई सुरक्षित डिजिटल प्रविधिको प्रयोगका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने।

**१२. रणनीतिको परिमार्जन:** सामाजिक विकास मन्त्रालयले यस रणनीतिको अनुसूचीमा रहेको कार्ययोजनामा आवश्यक थपघट गर्न सक्नेछ।

प्रदेश सचिव

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

## अनुसूची

### रणनीति कार्यान्वयन कार्ययोजना

**रणनीति १: बालबालिका तथा किशोरकिशोरीलाई सचेतना अभिवृद्धि एवम् जीवनउपयोगी सीप प्रदान गरी बाल क्लब/सञ्जालमा आवद्ध गरेर सशक्तीकरण गर्ने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |
| १. | बाल विवाह विरूद्ध समुदाय तथा विद्यालयमा बालबालिका तथा किशोरकिशोरीको क्बल एवम् सञ्जालको गठन वा पुनर्गठन | सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह र स्थानीय बाल अधिकार समिति | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सञ्जाल र अन्य सरोकारवाला निकाय | निरन्तर | बालबालिका तथा किशोरकिशोरीको क्बल एवम् सञ्जालको गठन (वा पुनर्गठन) भएको हुने। |
| २. | बाल विवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि किशोर किशोरी रुपान्तरण तालिम (भौतिक तथा डिजिटल माध्यमबाट प्रदान ) | सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय | स्थानीय तह र स्थानीय बाल अधिकार समिति | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, संजाल र अन्य सरोकारवाला निकाय | निरन्तर | बाल विवाहको जोखिममा पर्नसक्ने माध्यामिक कक्षामा पढ्ने विद्यार्थी र समुदायका ११ वर्ष माथिका बालबालिका जीवन उपयोगी सीप कक्षाबाट लाभान्वित भई विवाह गर्नमा भन्दा औपचारिक शिक्षा र सीप विकासमा उद्यत भएका हुने। |
| ३. | बालिका तथा किशोरीलाई लक्षित गरी अधिकार, नेतृत्व विकास, व्यक्तित्व विकास, आत्मरक्षा सम्बन्धी तालिम | सामाजिक विकास मन्त्रालय तथा प्रदेश सरकारका अन्य सम्बन्धित मन्त्रालय तथा निकाय | स्थानीय तह, स्थानीय बालअधिकार समिति र स्थानीय तहको शिक्षा, स्वास्थ्य र महिला तथा | विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय तथा संस्था, बालअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था तथा सरोकारवाला निकाय, किशोर किशोरीको क्बल एवम् सञ्जाल | निरन्तर | तालिम प्राप्त गरेका बालिका तथा किशोरीहरू ज्ञान, सीप र सक्षमता अभिवृद्धि भई कानूनले तोकेको उमेर नपुगी हुने विवाहलाई प्रतिकार गर्न सक्ने भएका हुने। |



प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बालबालिका शाखा | | | |
| ४. | बाल विवाहविरूद्ध जनचेतना जगाउने विषय तथा स्थानीय तहमा रहेका बालसंरक्षण संरचनाबारे विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेस | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | सङ्घीय तहको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विभाग, संयुक्त राष्ट्र संघीय निकाय, बालअधिकार प्रवर्द्धनमा क्रियाशील साझेदार निकाय तथा संस्था र अन्य सरोकारवाला निकाय | १ वर्ष<br>२ वर्ष | स्थानीय तहले तयार गर्ने स्थानीय पाठ्यक्रममा बाल विवाहविरूद्ध तथा बालसंरक्षण संरचनाबारे पाठ्यवस्तु समावेश गरिएको हुने र त्यसबारे बालबालिका तथा किशोरकिशोरी जानकार भएको हुने। |

**रणनीति-२: अभिभावक शिक्षा तथा सम्वादका लागि बाल विवाहको साथै सबै प्रकारका हानीबाट बालबालिकाको संरक्षण गर्न जीवनोपयोगी ज्ञान, सीप अभिवृद्धि गर्ने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |
| १. | बाल विवाह अन्त्य तथा सामाजिक विकृति न्यूनीकरणका लागि समुदायमा अभिभावक रुपान्तरण शिक्षा र कानूनी सचेतनामा तालिम | प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय प्रदेश सरकारका अन्य सम्बन्धित मन्त्रालय तथा निकाय | स्थानीय तह, स्थानीय बालअधिकार समिति र स्थानीय तहको शिक्षा, स्वास्थ्य र महिला तथा बालबालिका शाखा | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस र अन्य सरोकारवाला निकाय | निरन्तर | आमाबाबु अभिभावकले आफ्नो समुदायका बालबालिका तथा किशोरकिशोरीको अधिकार प्रवर्द्धन गर्न र उनीहरूलाई बाल विवाह हुनबाट संरक्षण गर्न आवश्यक ज्ञान, सीप र दक्षता पाई समुदायमा सक्रिय रूपमा परिचालित भएको हुने। |
| २. | स्थानीय तहमा बालअधिकार, बालसंरक्षणको सवाल तथा समुदायमा बाल विवाह अन्त्य गर्नका लागि बालबालिका, | प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह, स्थानीय बालअधिकार समिति र स्थानीय तहको | नीय तहका निर्वाचित पदाधिकारी, स्थानीय तहका कर्मचारी, | निरन्तर | बालबालिका, किशोरकिशोरी आमामाबु/अभिभावक तथा स्थानीय तहका प्रतिनिधिबीच नियमित रूपमा अन्तरक्रिया |



प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | किशोरकिशोरी आमामाबु अभिभावक तथा स्थानीय तहका प्रतिनिधिबीच सम्बाद | | महिला तथा बालबालिका शाखा | विकास साझेदार संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका तथा किशोरकिशोरीको क्बल एवं सञ्जाल र अन्य सरोकारवाला निकाय, | | एवम् सम्बाद भई समुदायमा अधिकार प्रत्याभूतिको स्थिति बनेको हुने। |
| ३. | बाल विवाह तथा हनिकारक अभ्यासहरु विरूद्धको अभियानको लागि पुरूष र बालक अथवा किशोरको सहभागिता गर्नका लागि अन्तरपुस्ता संवाद तथा सीप हस्तान्तरण | प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह, स्थानीय बालअधिकार समिति र स्थानीय तहको शिक्षा र महिला तथा बालबालिका शाखा | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका तथा किशोरकिशोरीको क्बल एवम् सञ्जाल र अन्य सरोकारवाला निकाय | निरन्तर | बाल विवाहविरूद्ध तथा लागि पुरूष र बालक किशोरको सचेतना बढी समुदायमा तत्सम्बन्धी अभियानमा सक्रिय भएका हुने। |

**रणनीति-३: बाल विवाहलाई दुरूत्साहन गर्ने खालका परम्परागत सामाजिक साँस्कृतिक मूल्यमान्यता तथा व्यवहार परिवर्तन गर्न जोड दिने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय (तथा संस्था) | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |
| १. | बालबालिकामाथि हुने सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषण लगायतका हानिविरूद्ध रोकथाममूलक, तत्काल सम्बोधन तथा घटना | प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह, स्थानीय बालअधिकार समिति, बालकल्याण अधिकारी र स्थानीय तहको | विकास साझेदार निकाय तथा संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका तथा किशोरकिशोरीको क्बल | निरन्तर | स्थानीय तहमा घटना व्यवस्थापन प्रकृयाको अवलम्बन गरिएको हुने। |



प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | | महिला तथा बालबालिका शाखा | एवम् सञ्जाल र अन्य सरोकारवाला निकाय | | |
| २. | बाल विवाहको जोखिममा रहेका बालिका तथा किशोरीलाई स्थानीय तहबाट गुणस्तरीय जिवन निर्वाहका लागि परिवारलाई सीप विकास, आयआर्जन तथा रोजगारीमुलक कार्यक्रम | प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तहको महिला तथा बालबालिका शाखा र बालकल्याण अधिकारी | विकास साझेदार निकाय तथा संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका र अन्य सेवा प्रदायक निकाय | निरन्तर | बाल विवाहको जोखिममा रहेका बालबालिका तथा परिवार सीप विकास, आयआर्जन तथा रोजगारीमुलक लाभान्वित भई बाल विवाहमा संलग्न नभएको हुने। |
| ३. | बाल विवाह लगायत परम्परागत हानिकारक अभ्यासले पारेको असरबारे सूचना—सामग्री, सन्देशमूलक सामग्री एवं वयस्क तथा किशोरकिशोरीको व्यवहार परिवर्तन गर्न लक्षित तालिम | सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय , प्रदेश तथा स्थानीय बालअधिकार समिति | स्थानीय तह, स्थानीय बालअधिकार समिति, बालकल्याण अधिकारी | विकास साझेदार निकाय तथा संस्था, संयुक्त राष्ट्र सङ्घीय निकाय, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका तथा किशोरकिशोरीको क्लब एवम् सञ्जाल र अन्य सरोकारवाला निकाय | निरन्तर | स्थानीय तहमा हानीकारक अभ्यासको बारेमा सचेतना अभिवृद्धि भई बाल विवाह न्यूनीकरणमा सहयोग पुगेको हुने। |
| ४. | स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी "बेहुली होइन, किशोरी अभियान" सञ्चालन | सामाजिक विकास मन्त्रालय | स्थानीय तह तथा स्थानीय बाल अधिकार समिति | प्रदेश तथा स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था | निरन्तर | समुदायमा सचेतना अभिवृद्धि भएको हुने। |

**रणनीति- ४: आधुनिक सूचना तथा सञ्चारका माध्यम को असुरक्षित प्रयोगबाट बालबालिका तथा किशोरकिशोरीलाई जोगाई डिजिटल प्रविधिको जिम्मेवार प्रयोग गरी बालविवाह न्यूनीकरणमा सहयोग गर्ने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |

प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | बाल विवाह विरूद्ध जनचेतना जगाउन नवसञ्चारका माध्यम (इन्टरनेट तथा सामाजिक सञ्जाल प्लेटफार्म) को सम्बेदनशील रूपमा प्रयोग गर्न बालबालिका तथा किशोरकिशोरीको दक्षता अभिवृद्धि | प्रदेश सामाजिक विकास मन्त्रालय, सूचना प्रविधिमा काम गर्ने प्रदेश सरकारका निकाय | स्थानीय तह, स्थानीय बाल अधिकार समिति, बालबालिका तथा किशोरकिशोरीको क्बल एवम् सञ्जाल र अन्य सरोकारवाला निकाय | नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक एवं सङ्घीय सरकारका सम्बन्धित निकाय, विकास साझेदार संयुक्त राष्ट्र सङ्घीय निकाय तथा संस्था, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस । | निरन्तर | नवसञ्चारको माध्ययमबाट बालबालिका तथा किशोरकिशोरीले बाल विवाहविरूद्ध सचेतना बढाउने तथा त्यसको सुरक्षित प्रयोग गरी सम्भावित दुर्व्यवहारबाट जोगाएको हुने। |
| २. | समुदायका आमाबाबु/ अभिभावक तथा विद्यालयका शिक्षकलाई बालबालिका तथा किशोरकिशोरीले नवसञ्चारका माध्यम (इन्टरनेट तथा सामाजिक सञ्जाल प्लेटफार्म) को सम्बेदनशील रूपमा प्रयोग गरेको अनुगमन गर्न व्यवहारिक सीप तथा दक्षता अभिवृद्धि | प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति, सूचना प्रविधिमा काम गर्ने प्रदेश सरकारका निकाय | स्थानीय तह, विद्यालय, | नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक एवम् सङ्घीय सरकारका सम्बन्धित निकाय, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय, बालअधिकार प्रवर्द्धनमा क्रियाशील गैसस, बालबालिका तथा किशोरकिशोरीको क्बल एवम् सञ्जाल र अन्य सरोकारवाला निकाय | निरन्तर | बालबालिका तथा किशोरकिशोरी नवसञ्चारका माध्यम (इन्टरनेट तथा सामाजिक सञ्जाल प्लेटफार्म) बाट हुने हिंसा (साइबर बुलिङ्ग) बाट सुरक्षित हुनुको साथै त्यसको कारण हुन सक्ने बाल विवाहमा कामी आएको हुने। |
| ३. | विवाह, यौन र प्रजनन स्वास्थ्य जस्ता विषयबारे बालबालिका तथा किशोरकिशोरलाई सूचनाजानकारी दिनका लागि डिजिटल प्रणालीको विकास | प्रदेश सामाजिक विकास मन्त्रालय, सूचना प्रविधिमा काम गर्ने प्रदेश सरकारका निकाय | स्थानीय तह, विद्यालय, र स्थानीय तहमा इन्टरनेट तथा आसिटी सेवा प्रदायक | नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक,, विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, बालअधिकारको क्षेत्रमा क्रियाशील गैसस र अन्य सरोकारवाला निकाय | वर्ष २ भित्र | विवाह, यौन र प्रजनन स्वास्थ्य र अधिकार लगायतका विषयको सूचनामा बालबालिका तथा किशोरकिशोरको पहुँच बढी हुनसक्ने हिंसा, दुर्व्यवहार तथा शोषणका घटनामा कमी आएको हुने। |
| ४. | नवसञ्चारका माध्यम (इन्टरनेट तथा सामाजिक सञ्जाल | प्रदेश सामाजिक विकास मन्त्रालय, | स्थानीय तह, विद्यालय, र स्थानीय | नेपाल दूरसञ्चार प्राधिकरण, इन्टरनेट सेवा प्रदायक एवम् | निरन्तर | बालबालिका तथा किशोरकिशोरी नवसञ्चारका माध्यम (इन्टरनेट तथा |



प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्लेटफार्म) तथा डिजिटल प्रविधिको माध्यमबाट हुनसक्ने हिंसा, दुर्व्यवहार, शोषण लगायतका हानिबाट जोगिन बालबालिका तथा किशोरकिशोरीलाई सचेतना अभिवृद्धि गर्ने । | सूचना प्रविधिमा काम गर्ने प्रदेश सरकारका निकाय | तहमा इन्टरनेट तथा आसिटी सेवा प्रदायक | सङ्घीय सरकारका सम्बन्धित निकाय, संयुक्त राष्ट्र सङ्घीय निकाय, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय | | सामाजिक सञ्जाल प्लेटफार्म) तथा डिजिटल प्रविधिको माध्यमबाट हुनसक्ने हिंसा, दुर्व्यवहार, शोषणबाट सुरक्षित हनुको साथै आफ्ना दौंतरीमाझ सचेतना बढाउन क्रियाशील भएको हुने। |

## रणनीति-५: बाल विवाह अन्त्य गर्न कानूनको प्रभावकारी कार्यान्वयन र संस्थागत संरचना सुदृढीकरण गर्ने।

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सिमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय सरकार | | | |
| १. | बाल विवाह अन्त्यका लागि स्थानीयको रणनीतिक योजना निर्माण तथा संशोधन | सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | सम्बन्धित स्थानीय तह | सामाजिक विकास मन्त्रालय, आन्तरिक मामला तथा कानून मन्त्रालय, प्रदेश बालअधिकार समिति, विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैरसरकारी संस्था | निरन्तर | स्थानीय तहमा रणनीतिक योजना तयार भएको हुने। |
| २. | स्थानीय तहमा बालअधिकार तथा बालसंरक्षण सम्बन्धी एकीकृत कार्यविधि तर्जुमा तथा शंशोधन | सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | सम्बन्धित स्थानीय तह | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैरसरकारी संस्था र अन्य सरोकारवाला निकाय | निरन्तर | स्थानीय तहमा बालअधिकार तथा बालसंरक्षण सम्बन्धी एकीकृत कार्यविधि पारित भई लागू भएको हुने। |
| ३. | प्रदेश बालअधिकार समिति र स्थानीय बालअधिकार समितिको नियमित बैठक | प्रदेश बालअधिकार समिति | स्थानीय तह र स्थानीय बाल अधिकार समिति तथा स्थानीय तहको सामाजिक समिति | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, तथा संस्था, गैरसरकारी संस्था, बालबालिका, किशोरकिशोरीको समूह÷सञ्जाल र अन्य सरोकारवाला निकाय | निरन्तर | बालअधिकार प्रवर्द्धन तथा बाल विवाह अन्त्य एवम् बालसंरक्षण सुनिश्चित गर्न बालअधिकार समिति क्रियाशील भएको हुने। |

प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | स्थानीय तहमा बालकल्याण अधिकारी नियुक्त गर्ने वा तोक्ने | प्रदेश बाल अधिकार समिति | स्थानीय तह | | निरन्तर | बालकल्याण अधिकारी नियुक्त भएको वा तोकिएको हुने। |
| ५. | स्थानीय तहमा बालकोषको स्थापना र परिचालन | सामाजिका विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह, स्थानीय बाल अधिकार समिति | बालबालिकाको विषय हेर्ने सङ्घीय सरकारका निकाय, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय, गैरसरकारी संस्था र अन्य सरोकारवाला निकाय | २ वर्ष | स्थानीय तहमा बालकोषको स्थापना भई परिचालन भएको हुने। |
| ६. | स्थानीय तह भित्रका विद्यालय, स्वास्थ्य संस्था, बालगृह, सेवा प्रदायक निकाय वा संस्थाको संस्थागत तहमा बालसंरक्षण मापदण्ड लागू गर्न सहजीकरण | सामाजिका विकास मन्त्रालय, प्रदेश बालअधिकार समिति, शिक्षा विकास निर्देशनालय | स्थानीय तह, स्थानीय बालअधिकार समिति र बालकल्याण अधिकारी | बालबालिकाको विषय हेर्ने संङ्घीय सरकारको मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद, विकास साझेदार, संयुक्त राष्ट्र सघीय निकाय एवम् अन्य सरोकारवालाहरु | निरन्तर | स्थानीय तह भित्रका विद्यालय, स्वास्थ्य संस्था, बालगृह, सेवा प्रदायक संस्थामा बाल संरक्षण मापदण्ड कार्यान्वयन भएको हुने। |
| ७. | स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका क्षेत्रका कमर्चारीहरूका लागि बाल संरक्षण र बालसंवेदनशील सेवा प्रवाह सम्बन्धी क्षमता विकास तालिम | सामाजिका विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | सम्बन्धित स्थानीय तह र त्यहाँको बालअधिकार समिति लगायतका बालसंरक्षणसम्बन्धी अन्य संरचना | बालबालिकाको विषय हेर्ने संङ्घीय सरकारका निकाय, तालिम प्रदायक निकाय वा प्रतिष्ठान, विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैसस र अन्य सरोकारवाला निकाय | निरन्तर | स्थानीय तहमा कार्यरत महिला तथा बालबालिका क्षेत्रका कमर्चारीहरू बालबलिका लक्षित गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम भएको हुने। |
| ८. | बाल विवाहसम्बन्धी कसूरलाई कानूनी प्रक्रियामा ल्याउन र कानून उल्लंघन गर्नेलाई कारबारी गर्न नेपाल प्रहरी तथा कानून कार्यान्वयन गर्ने निकायको प्राविधिक क्षमता अभिवृद्धि | प्रदेश सरकारका विषयगत मन्त्रालय एवं निकाय, जिल्ला न्यायाधिवक्ताको कार्यालय, प्रवेशन अधिकारी, प्रदेश तथा | स्थानीय तह, स्थानीय प्रहरी कार्यालय, बालकल्याण अधिकारी, | संङ्घीय सरकारका विषयगत मन्त्रालय र निकाय, नेपाल प्रहरी, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय, विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय र अन्य सरोकारवाला निकाय | निरन्तर | बालबालिका सम्बन्धी घटनाहरुको सम्बोधनमा बाल संवेदनशील सेवा प्रवाह गर्ने सीप तथा दक्षताको विकास भएको हुने। |

प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जिल्लाका प्रहरी कार्यालय | | | | |
| ९. | बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ र बाल हेल्पलाइन १०९८ र महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको सुदृढीकरण गरी सेवा प्रवाह गर्ने । | सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश बाल अधिकार समिति र प्रदेश प्रहरी कार्यालय | स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, दुर सञ्चार प्रधिकरण, विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, बाल हेल्पलाइन सञ्चाल अनुमति प्राप्त संस्था र अन्य गैर सरकारी संस्थाहरु | निरन्तर | जोखिममा परेका बालबलालिकाको बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र १०४ र बाल हेल्पलाइन १०९८ र महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा पहुँच अभिवृद्धि भएको हुने। |

**रणनीति-६: प्रदेशभित्रका सबै स्थानीय तहको बाल विवाहको स्थितिको अध्ययन, तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन गर्न सूचना प्रणाली विकास गर्ने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सिमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |
| १. | स्थानीय तहमा बालसंरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना एवम् सुदृढीकरण | सामाजिका विकास मन्त्रालय, प्रदेश बालअधिकार समिति, | स्थानीय तह, स्थानीय बालअधिकार समिति, बालकल्याण अधिकारी | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैसस, र अन्य सरोकारवाला निकाय | निरन्तर | बाल संरक्षण सम्बन्धी घटनाहरुको खण्डीकृत तथ्याङ्क व्यवस्थापन भएको हुने। |
| २. | बाल विवाह मुक्त वडा र स्थानीय तह घोषणा | सामाजिका विकास मन्त्रालय, प्रदेश बालअधिकार समिति, | स्थानीय तह, स्थानीय बालअधिकार समिति, | बालबालिकाको विषय हेर्ने सङ्घीय सरकारका निकाय, विकास साझेदार, संयुक्त राष्ट्र संघीय निकाय, गैसस, बालबालिका तथा किशोरकिशोरीको क्लब वा | निरन्तर | स्थानीय तहमा बाल विवाहको स्थितिलाई सम्बोधन गर्नेगरी कार्यक्रम तथा योजना लागू भई बाल विवाह मुक्त वडा वा स्थानीय तह घोषणा गरिएको हुने। |

प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सञ्जाल र अन्य सरोकारवाला निकाय | | |
| ३. | प्रदेशस्तरीय बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन प्रकाशन | प्रदेश सामाजिक विकास मन्त्रालय | स्थानीय तह र स्थानीय बालअधिकार समिति | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैसस, बालबालिका तथा किशोरकिशोरीको क्लब वा सञ्जाल र अन्य सरोकारवाला निकाय | प्रत्येक वर्ष निरन्तर | प्रत्येक वर्ष बालबलिका सम्बन्धी स्थति प्रतिवेदन प्रकाशन भएको हुने। |

**रणनीति ७: प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि लगानी सहितका कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्ने र सबै सरोकारवाला निकायलाई परिचालन गर्ने।**

| सि.नं. | मुख्य क्रियाकलापहरू | जिम्मेवार निकाय | | सहयोगी निकाय तथा संस्था | समय सिमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकार | स्थानीय तह | | | |
| १. | प्रदेशमा बाल विवाह अन्त्यका लागि प्रदेश र स्थानीय सरोकारवालासँग नियमित समन्वय तथा सहकार्य | प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह, स्थानीय बालअधिकार समिति | सबै सरोकारवाला | निरन्तर | नियमित बैठक सञ्चालन गरी बाल विवाह अन्त्यका लागि रणनीतिको कार्यान्वयनको अवस्थाबारे छलफल भएको हुने |
| २. | बाल विवाह अन्त्य गर्ने यस रणनीति कार्यान्वयन गर्न गराउन सङ्घीय सरकारका मन्त्रालय तथा निकाय र स्थानीय तहसँग आवश्यक समन्वय, सहकार्य एवम् साझेदारी | प्रदेश सामाजिक विकास मन्त्रालय | स्थानीयतह | | निरन्तर | समन्वय र सहकार्यमा काम भई कार्यान्वयन भएको हुने। |

प्रदेश सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | प्रदेश बालअधिकार समिति परिचालन गरी बाल विवाह अन्त्य गर्नका लागि प्रदेश सरकार तथा स्थानीय तहमा भए गरेका काम तथा प्राप्त उपलब्धिबारे नियमित अनुगमन तथा पृष्ठपोषण | प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बालअधिकार समिति | स्थानीय तह,स्थानीय बाल अधिकार समिति | विकास साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय, गैसस, र अन्य सरोकारवाला निकाय | निरन्तर | बाल विवाह अन्त्यका लागि रणनीतिक कार्यक्रम लागू गर्न गराउन प्रदेश सरकारका निकाय तथा स्थानीय तह क्रियाशील भई सन् २०३० सम्म बाल विवाह अन्त्य हुने । |